Total No. of Printed Pages—8

**X/20/N (N)**

# 2 0 2 0

## NEPALI

( INDIAN LANGUAGE)

( New Course )

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

**( FOR ALL CATEGORIES OF CANDIDATES )**

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

**1.** कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) किन 'अल्झेको इच्छा' कथामा बाबुको इच्छा अल्झेकै थियो? वर्णन गर।

(ख) डा० पारसमणि प्रधानको प्राथमिक शिक्षा कहाँ भएको थियो? पेशाले उहाँ के हुनुहुन्थ्यो? उहाँका पुस्तकहरूको प्रचार र प्रसार कहाँ-कहाँ भएको थियो? लेख।

(ग) 'चिठी' पाठमा लेखकले आफ्नो छात्रजीवनमा पाएका अनुभव आफ्ना भाइलाई कसरी दर्शाएका छन्? लेख।

(घ) शिक्षाको मूल उद्देश्य के हो? वर्णन गर।

**2.** दुई वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) पद्मनिधि लामिछाने को हुन्? परिचय देऊ।

(ख) चार्ली च्यापलीन किन स्वीट्जरलैण्ड बसाइँ सरे?

(ग) विनयी व्यक्ति कस्ता हुन्छन्?

(घ) रूपलालले ब्याङ्क म्यानेजरसँग किन र कसरी पैसा माग्यो?

(ङ) पारसमणि प्रधान कुन श्रेणीका छात्र छँदा कसको सहायतालिई पुस्तकालय शुरू गर्नु भयो?

**3.** **एक** शब्दमा या वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) चार्ली च्यापलीनको दाज्यूको नाम के हो?

(ख) 'अल्झेको इच्छा' कथामा बाबुले क-कसको इच्छा पूरा गर्न खोजेका छन्?

(ग) पारसमणि प्रधान विद्यार्थी जीवनकालमा के नामले परिचित थिए?

(घ) सभ्यजातिको चिह्न के हो?

(ङ) ''अघि जुधेर पुगेन? फेरि जुध्न मनलाग्यो? भैगो नजाऊ।'' यो वाक्य कसले भनेको हो?

(च) शिक्षित व्यक्ति कस्ता हुन्छन्?

(छ) रूपलालकी श्रीमतीलाई के रोग लागेको थियो?

**4.** सप्रसंग व्याख्या गर : 5×2=10

(क) ''पहिलेको रने र अहिलेको रने–मा जमीन आसमानको फरक छ।''

**अथवा**

''भारतेली साहित्य जगत्मा उहाँलाई भानुभक्तको दोस्रो अवतारको दर्जामा लिन सकिन्छ।''

(ख) ''कुनै नयाँ चेतन ब्युँझिए सरि

झिल्का महाज्योति–तिरै मिले सरि

अनन्त सत्ता भूँइमा स्वयं झरी

छोयो कि जस्तो मन प्राण सुस्तरी।''

**अथवा**

''हे कवि हो, जीवनको निम्ति नगाओ चिहानको निम्ति मात्रै गाओ।''

**5.** सारांश लेख (कुनै **एक**) : 5

(क) 'भानुभक्तप्रति'—बालकृष्ण सम

(ख) 'अधिकार र कर्त्तव्य'—कृष्णप्रसाद ज्ञवाली

(ग) 'सिर्ज एउटा कागजको इतिहास'—नव सापकोटा

**6.** **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) सञ्चयरोग भनेको के हो? यो शब्द कुन पाठबाट लिएको हो?

(ख) कवि किन स्वर्णपत्र र ताम्रपत्र–को कुरा नगर भन्छन्?

(ग) 'स्वीट फल्स' कुन ऋतुमा सुकेर स्यानो हुन्छ? यो फल्सको पाखा–पखेरूका रूखहरूमा विशेषगरी कुन फूल फुल्छ?

(घ) गरीबलाई के मीठो र के रसिलो लाग्छ?

**7.** **एक** शब्द वा वाक्यमा उत्तर लेख (कुनै **चार**) : 1×4=4

(क) अपराध कसरी भाग्छ?

(ख) भानुभक्तको गुँड कहाँ थियो?

(ग) स्वर्णपत्र भनेको के हो?

(घ) 'स्वीट फल्स'-को छाँगोनिर कुन चरी नाच्दछ?

(ङ) 'गरीब' कविता कसले लेखेका हुन्?

(च) भौतिक सम्पत्ति भनेको कस्तो सम्पत्ति हो?

**8.** भावविस्तार गर (कुनै **एक**) : 3

(क) के गर्छस्? मंगले आफ्नै ढंगले।

(ख) साँचो डग्दैन, झूठो तक्दैन।

(ग) आज मऱ्यो भोलि ओखती।

**9.** छोटो उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) हरिले सानीको हातमा के दिएर के गर्न लाँउथ्यो?

(ख) सुबेदारको पहिलेको विवाहबाट जन्मेको छोरो कति पढेर कता गयो?

(ग) को-को लक्ष्मी पूजा हेर्न कहाँ गएका थिए?

(घ) सानीको ससुरो कस्तो मानिस थियो?

(ङ) 'माइतघर' कथा/कविता/उपन्यास/निबन्ध—के हो?

(च) भिक्टोरिया फल्सनेर घाँसीले गाएको गीतको बोल कस्तो थियो?

(छ) लैनसिंह बाङ्देल को हुन्?

**10.** सुबेदारनी र रत्ना को हुन्? तिनीहरूलाई कस्तो विपदले छोपेको रहेछ? 5

**अथवा**

हरि र सानी को हुन्? तिनीहरूको वाल्यकाल कसरी बित्यो? वर्णन गर।

**11.** निम्नलिखित निर्देश–अनुसार उत्तर लेख :

(क) भाववाचक संज्ञा बनाऊ (कुनै **दुई**) : ½+½=1

शत्रु ; मास्टर ; हाँस ; समान।

(ख) स्त्रीलिङ्ग बनाऊ (कुनै **दुई**) : ½+½=1

देव ; राँगो ; नायक ; लोग्नेमान्छे।

(ग) सन्धि गर (कुनै **दुई**) : ½+½=1

गिरि + ईश ; पुस्तक + आलय ; सदा + एव ; निः + चय।

(घ) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

दुई ; गन्गान ; स्वाद ; रस।

(ङ) कर्तृवाच्यबाट कर्मवाच्य बनाऊ (कुनै **दुई**) : ½+½=1

*(i)* मोहनले किताब पढ्यो।

*(ii)* हामी त्यहाँ सुत्छौं।

*(iii)* सावित्रीले भात खान्छे।

(च) वाक्यांशको अर्थ खोल (कुनै **दुई**) : ½+½=1

*(i)* आइतवार हुनु।

*(ii)* आङमा घाम लाग्नु।

*(iii)* काखी च्यापनु।

*(iv)* खुट्टा तन्काउनु।

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

गान्धीजीको जन्म 2 अक्टोबर, 1869 मा पोरबन्दर नामक स्थानमा भएको थियो। उनका बाबु करमचन्द गान्धी र आमा श्रीमती पुतलीबाई हुन्। 1891 मा बेलायतबाट बैरिस्टरी पास गरी स्वदेश फर्के। एउटा मुकदमाको सिलसिलामा उनी दक्षिण अफ्रिकाको नेटाल राज्यमा गए। त्यहाँ भारतीयहरूको हालत साह्है खराब देखेर उनलाई दुःख लाग्यो र उहीं उनले आन्दोलन चलाए। भारतमा फर्केर आए पछि उनले राजनीतिमा प्रवेश गरे। उनले असहयोग आन्दोलन चलाए। स्वाधीनता संग्रामको बेला कति चोटी जेल जानु पर्‍यो, तर अन्तमा विदेशी सरकारलाई झुक्नै पर्‍यो। उनको नेतृत्वमा भारत 15 अगस्त, 1947 को दिन स्वतन्त्र भयो। यसैकारण गान्धीजीलाई राष्ट्रपिता भनिन्छ। सन् 1948 ई० को 30 जनवरीको दिन नाथूराम गोड्से नामक व्यक्तिले गोली चलाए। हे राम! भन्दै उनी धराशायी भए। उनको मृत्युले सारा देश दुःखित भए। उनी अहिंसा औ सत्य-का पुजारी थिए।

(क) गान्धीजीको जन्म कहिले औ कहाँ भएको थियो? 1

(ख) दक्षिण अफ्रिकाको कुन राज्यमा गान्धीजीले के देखे? 1

(ग) भारत स्वतन्त्र कहिले भयो? 1

(घ) कसलाई राष्ट्रपिता भनिन्छ? 1

(ङ) कसले औ कहिले गान्धीजीलाई गोली चलाए? 1

**अथवा**

शिलाङको सुन्दरताको विषयमा वर्णन गर्दै दिल्लीमा बस्ने एउटा मित्रलाई चिठी लेख। 5

**13.** कुनै **एक** विषयमा निबन्ध लेख : 8

(क) अनुशासन

(ख) समयको महत्त्व

(ग) जीवनको उद्देश्य

(घ) प्राकृतिक प्रकोप

(ङ) तिमीलाई मन पर्ने कुनै एउटा विख्यात खेलाडी

**[ For Candidates Without Internal Assessment ]**

( *Marks* : 20 )

**14.** (क) अति संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* 'चार्ली च्यापलीन' पाठ कसले लेखेका हुन्?

*(ii)* 'परिबन्द' पाठमा को परिबन्दमा फस्यो?

*(iii)* 'अल्झेको इच्छा' पाठमा आमाले छोरोलाई के बनाउन चाहन्थिन्?

*(iv)* शिक्षा के हो?

*(v)* रूपलालले ब्याङ्क म्यानेजरसित कति रूपियाँ माग्यो?

*(vi)* सहितस्य भाव भनेको कस्तो भाव हो?

*(vii)* सू-ध-पा भनेको के हो?

(ख) संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

*(i)* 'गौंथलीको चिरिविरि' पाठमा गौंथलीको गुँड कहाँ थियो?

*(ii)* वटवृक्ष भनेको के हो?

*(iii)* 'सिर्ज एउटा कागजको इतिहास' कविता कसले लेखेका हुन्?

*(iv)* भानुभक्तको जिब्रो कस्तो जिब्रो हो?

*(v)* न्याउली चरी कुन रूखमा बसेर गीत गाउँछे?

*(vi)* 'अधिकार र कर्त्तव्य' कवितामा 'सौरभ' लेखिएको छ।' यस 'सौरभ' शब्दको अर्थ के हो?

*(vii)* 'बटुवा' कसलाई भनिन्छ?

**15.** (क) कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर (कुनै **पाँच**) : 1×5=5

*(i)* 'पारसमणि प्रधान' पाठ (चेतनारायण जोशी/वसन्तराज जोशी)–ले लेखेका हुन्।

*(ii)* 'शिक्षाको उद्देश्य' पाठ (कथा/निबन्ध) हो।

*(iii)* लोग्नेमान्छेको (खुकुरी/टोपी) देखें। निको चाल छैन है।

*(iv)* (गुलाब/गुराँस) झैं पाउनुपर्छ फक्रन।

*(v)* चार्लीको जन्म 16 अप्रिल, (1889/1989)–मा भएको थियो।

*(vi)* श्रीमतीले आफ्नो छोरोलाई (डाक्टर/इञ्जिनीयर) बनाउन चाहन्छिन्।

*(vii)* स्वीट फल्समा (क्यामेलिया/सुनाखरी)–को फूल फुल्छ।

(ख) खाली ठाँउ भर (कुनै **पाँच**) : 1×5=5

*(i)* संज्ञा वा सर्वनामको गुण बुझाउने शब्दलाई _____ भनिन्छ।

*(ii)* एक वा एक भन्दा बडता बुझाउने शब्दको रूपलाई _____ भनिन्छ।

*(iii)* 'स्वीट फल्स' कविता _____ लेखेका हुन्।

*(iv)* सानीको लोग्ने _____ थियो।

*(v)* पारसमणि प्रधानका पिताको नाउँ _____ थियो।

*(vi)* निन्दा शब्दको उल्टो शब्द _____ हो।

*(vii)* पुर्खादेखि मानिल्याएको देवता _____ हो।

★★★